☎:०७१-५६०२३०

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

प.सं. ०७६/०७७
च.नं. ६५६.

## हार्दिक आभार एवं कृतज्ञता

तिलोत्तमा नगरपालिकाले असोज ९ गते आयोजना गरेको ऐतिहासिक तिलोत्तमा लगानी सम्मेलनलाई भव्य रुपमा सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्णप्रति हार्दिक आभार एवं कृतज्ञता ज्ञापन गर्दछौं । नेपालमा स्थानीयस्तरबाट पहिलो पटक आयोजना गरिएको लगानी सम्मेलनमा सहभागी भई हामीहरुलाई हौंसला प्रदान गर्नुहुने ने.क.पा.का अध्यक्ष तथा माननीय पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ज्यू, माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यू, माननीय मुख्यमन्त्रीज्यूहरु, मन्त्री, सांसद, जनप्रतिनिधिज्यूहरु, उच्च पदस्थ सरकारी अधिकारीज्यूहरुप्रति समग्र नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहान्छु । सम्मेलनमा आर्थिक, कृषि, उद्योग, पर्यटन र यातायातका विषयमा गरिएको छुट्टाछुट्टै समूहगत छलफलमा सक्रिय सहभागी हुने विज्ञ तथा स्वदेशी एवं विदेशी व्यवसायी लगानीकर्ताहरुप्रति तिलोत्तमा नगरपालिका आभार व्यक्त गर्दछ ।

यसैगरी लगानी बोर्ड नेपाल, मुख्य प्रायोजकको भुमिकामा रही सहयोग गर्ने टाईगर रिसोर्ट, प्रायोजक तथा सपोर्टरहरु, तिलोत्तमा च्याम्बर अफ कमर्श, तिलोत्तमा उद्योग वाणिज्य संघ/संगठन, स्थानीय प्रशासन, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, सञ्चार संस्था, उद्योगी व्यवसायी, विभिन्न टोल विकास संस्था, क्लव, आमा समूह, शिक्षण संस्था लगायत सबैप्रति तिलोत्तमा नगरपालिका कृतज्ञ छ । लगानी सम्मेलनको दौरानमा सबै पक्षबाट प्राप्त सहयोगले हामीलाई थप हौंसला प्रदान गरेको छ । लगानी सम्मेलनको दिनमा ३० वटा परियोजना प्रस्ताव र १५ अर्बभन्दा बढीको लगानी प्रतिबद्धता प्राप्त भएको छ । यस क्षेत्रको विकास र समृद्धिको लागि निजी क्षेत्रबाट प्राप्त भएको लगानी प्रतिबद्धताले नगरपालिका निकै उत्साहित भएको छ ।

अन्त्यमा लगानी सम्मेलनलाई सफल बनाउन सहयोग गर्नुहुने सम्पूर्ण व्यक्ति तथा संघसंस्थाहरुलाई पुन: धन्यवाद ज्ञापन गर्दै समृद्ध नगर निर्माण गर्नको लागी आगामी दिनहरुमा समेत रचनात्मक सहयोगको अपेक्षा गर्दछौं ।

वासुदेव घिमिरे
नगर प्रमुख

बासुदेव घिमिरे
नगर प्रमुख
मिति: २०७६/६/१३